परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष २ •अंक १६ •२०७९ साल चैत २३ बिहिबार •(6 April-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com


## बुबाबाट गर्भवती भएकी बालिकाको जिम्मेवारी सयात्रीले लियो



टक नेपाल, महोत्तरी ।

आफ्नै बुवाले बलात्कार गरेर १३ वर्षीया छोरीलाई गर्भवती बनाएको घटना बाहिरिएसँगै गैरसरकारी संस्थाहरुले निकै चासो देखाएका छन् । महोत्तरीको बर्दिबास-११ स्थित खयरमारा स्थायी घर भई हाल भक्तपुर बस्ने आफ्नै छोरी संगीता (नाम परिवर्तन गरिएको )लाई आमा नभएको मौका छोपी बलात्कार गरेर गर्भवती बनाएको घटना १८ चैतमा बाहिर आएको थियो । घर महोत्तरी भए पनि घटना भने भक्तपुरमा भएकाले महोत्तरी प्रहरीले पीडित बालिकालाई गत शनिबार भक्तपुर प्रहरीलाई जिम्मा लगाएको थियो । सबै घटना सार्वजनिक भएपछि पीडित बालिकाको सम्पूर्ण जिम्मेवारी सयात्री नेपालले लिएको छ ।

'मैले बालिकालाई गएर भेटैं । उनको अवस्था निकै दयनीय छ । हामी पीडित बालिकाको भरणपोषणदेखि सम्पूर्ण जिम्मेवारी लिन चाहन्छौं,' सयात्रीकी अध्यक्ष गीता केसीले बताइन् । आमा सुनिता (नाम परिवर्तन गरिएको)ले सोधखोज गर्ने क्रममा बुबाले नै बलात्कार गरेर गर्भ बसेको बालिकाले बताएपछि घटना बाहिर आएको हो । भक्तपुरबाट १४ चैतमा तीन छोराछोरीलाई बोकेर महोत्तरीस्थित घर खयरमारा आइपुगेकी आमा सुनिताले नै सञ्चारकर्मीहरुलाई बोलाएर घटना सार्वजनिक गरेकी हुन् ।

**कसरी भएको घटना ?**

रामबहादुरका एक छोरा र दुई छोरी छन् । पीडित संगीता जेठी छोरी हुन् भने अन्य दुई जना सानै छन् । आर्थिकरुपमा निकै कमजोर रहेको यो परिवार धादिङको इँटाभट्टामा काम गर्दै आएको थियो । बिबि इँटाभट्टामा काम छोडेर सपरिवार असोजतिर काम कै खोजीमा भक्तपुर पुगेको थियो । श्रीमान रामबहादुर र सुनिता दिउँसो सँगै मजदुरी गर्न निस्कन्थे । कहिलेकाहीँ सन्च भएन भन्दै रामबहादुर घरमै बस्थे अनि सुनिता एक्लै काम गर्न जान्थिन् । घटना कात्तिक महिनातिरको हो । सुनिता माइत गएकी थिइन् । पीडित बालिका संगीताका अनुसार आफ्ना बुबा रामबहादुरको गिद्धे नजर त्यही समयदेखी पऱ्यो । 'ममी मामाघर गएको बेला भाइ, बहिनी सुते अनि मलाइ बाबाले जवर्जस्ती गर्नुभयो,' पीडित बालिका संगीताले भनिन्, 'मेरो मुख छोप्नुभयो, कराएमा मार्ने धम्की दिनुभयो, अनि मलाई पटकपटक गर्नुभयो ।' बुबाले आफूले गरेको विषय कसैलाई भनेमा आमा, भाइबहिनी सबैलाई मारिदिने धम्की दिने गरेको उनले बताइन् । आफू कतै गएकाबेला छोरीमाथि गिद्धे नजर राख्ने गरेको पीडित बालिकाको आमाले बताइन् ।

## महोत्तरीमा हनुमान मन्दिर तोडफोड



टक नेपाल, जनकपुरधाम ।

विहिबार मनाइने हनुमान जयन्तीको पूर्व संध्यामा बुधबार हनुमान मन्दिरमा तोडफोड गरिएको छ । जनकपुरधाम र महोत्तरीको सिमामै रहेको पिपरा गाउँपालिका वडा नं. ४ स्थित रहेको हनुमान मन्दिरमा सडक विभागले तोडफोड गरिदिएपछि केही बेर अवस्था तनावग्रस्त बनेको थियो । सो वडाका पूर्व वडाध्यक्षकै पालामा सडक विभागले मन्दिर सडक विस्तारको क्रममा अतिक्रमितमा परेको भन्दै हटाउनको लागि भनिएको बुझिएको छ । वर्तमान वडाध्यक्ष विदेही पासवानले आफूलाई सडक विभागले बोलाएर मन्दिर तोडफोड गरिदिएको बताएका छन् । चैत्त २३ गते भोली विहिबार हनुमान जयन्तीको अवसरमा हिन्दु धर्मावलम्बीहरुले भव्य पूजा र शोभायात्रा निकाल्ने तयारी गरेको बेला सडक विभागले हनुमानजीको मन्दिर तोडफोड गरेपछि स्थानीयहरु विरोधमा उत्रेका हुन् । स्थानीयहरुले विहानैदेखि जनकपुर-जलेश्वर सडकखण्डमा चक्का जाम गर्दै आएका थिए । गाउँपालिका अध्यक्ष रामजानकी यादवकै रोहबरमा मन्दिर तोडफोड गरिएको बताइएको छ । मन्दिरलाई व्यवस्थित गर्नुभन्दा पनि मन्दिरमा डोजर चलाएपछि स्थानीयहरु आक्रोसित बनेका छन् भने समाजिक सँजालमा समेत त्यसको विरोध गरिएको छ ।

## हनुमान जयन्तीमा निकालिने शोभायात्रा सहभागीलाई मुस्लिमहरुले मालाले स्वागत गर्ने

टक नेपाल, जनकपुरधाम ।

हनुमान जयन्तीको अवसरमा विहिबार निकालिने भव्य शोभायात्रालाई मुस्लिम समुदायले मालाले स्वागत गर्ने भएको छ । जनकपुरका मुस्लिम समुदायहरुको समाजिक सँस्था मुस्लिम डेभलप्मेन्ट सोसाईटीले हनुमान जयन्तीको शोभायात्राका श्रद्धालुहरुलाई माला लगाएर स्वागत गर्ने तयारी गरेको सोसाइटीका रियाज साफीले जनाएका छन् । साफीले आफनो फेसबुकमा भोली चैत्त २३ गते जनकपुर धामको गल्ली गल्लीमा हुने शोभायात्राका सहभागीहरुलाई मालाले स्वागत गर्ने निर्णय भएको उल्लेख गरेका छन् । हिन्दु-मुस्लिमबीच सदभाव ़ख्याली निकालिएपछि सदभाव कायम राख्न हिन्दु धर्मावलम्बीहरुको शोभायात्रामा मुस्लिम धर्मावलम्बीहरुले स्वागत गर्ने भएपछि वेग्लै दृश्याँकनको आँकलन गरिएको छ ।

## अश्लील भिडिओ बनाउनेमाथि कारबाही गर्न अब्दुल खानले दर्ता गराए साइबर ब्यूरोमा जाहेरी

टक नेपाल, जनकपुरधाम ।

जनमत पार्टीका उपाध्यक्ष एवं पूर्वमन्त्री अब्दुल खानले आफ्नो अश्लील भिडिओ बनाउने समूहमाथि कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्यूरोमा उजुरी दर्ता गराएका छन् । मुलुकी फौजदारी कार्यविधि (संहिता) २०४७ को दफा ४ को उपदफा ३ बमोजिम उनले साइबर ब्यूरोमा जाहेरी दर्ता गराएका हुन् । योजनावद्ध तरिकाले चरित्र हत्या गर्न भिडिओ बनाउने समूहमाथि कारबाही गर्न उनले माग गरेका छन् । नेता खानले उजुरीमा भिडिओ बनाउनमा संलग्न केहि व्यक्तिको नाम किटान गरेको र केहि व्यक्तिको नाम पछि बुझाउने उनको सचिवालयले उल्लेख गरेको छ । डिजिटल क्रान्तिका गलत कुराबाट बच्न सबै सचेत एवं गलत कार्यको विरूद्ध सहयोग गर्न उनले अनुरोध समेत गरेका छन् । नेता खानको अश्लील भिडिओ ह्वाट्स एपमार्फत कैयौं व्यक्ति कहाँ पुगेको छ । उक्त भिडिओ लिक भएपछि जनमत पार्टी र उनको व्यापक आलोचना भइरहेको छ ।


"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

# बर्षा अगावै धनुषाधामकी शिलालाई डुबानको चिन्ता



टक नेपाल, जनकपुरधाम।

धनुषाको धनुषाधाम नगरपालिका-२, काशीपुरकी ५४ वर्षीया शिलादेवी मुखिया बर्षा अगावै डुबानको चिन्तामा परेकी छन् । बर्षाको मौसम आउन लागेकाले विगतका बर्षामा डुबानका कारण झेल्नु परेको समस्यालाई सम्झँदै उनी बर्षा अगाडि नै डुबानको चिन्तामा डुबेकी हुन् । बाटोदेखि झण्डै ढेड मिटर तल शिलाको सानो झोपडी छ। बर्षाको पानी निकास हुने कुनै माध्यम नभएकाले उनको घर प्रत्येक बर्ष बर्षाको मौसमभरी डुबानमा र हन्छ। गरिबीका कारण मुस्किलले पेट भर्ने गरेकी शिला आउँदो बर्षामा डुबानबाट उन्मुक्ति पाउन सबै सामु गुहार लगाएकी छन् । श्रीमान र एउटा छोरा भएपनि गरिबीका कारण उनीहरुले पनि साहारा दिन नसकेपछि एक्लै बस्दै आएकी शिला भन्छिन्, बर्षाको मौसमभरी चुलो डुबेको हुन्छ । भाडाकुडा, खानेकुरा सबै पानीले बगाउछ । सुत्ने खाट धरी पानीमाथि तैरिरहे को हुन्छ । बाँच्न कठिन भयो । श्रीमान सुकन मुखिया प्रालाइसिस रोगबाट ग्रसित छन भने आर्थिक अभावकै कारण आँखाको उपचार गराउन नसक्दा एउटा आँखा गुमाउनु परेको छ। त्यस्तै छोरा अण्डाशयका गम्भीर बिरामी छन् शिलाले सुनाइन्। बर्षेनीको डुबानबाट पिडित बनेको उनले बर्षाको पानी निकास अथवा आफ्नै झोपडी मर्मतका लागि स्थानीय तहका जनप्रतिनिधिसमक्ष अनुनय विनय गर्न तीन छ महिनादेखि पैताला खियाउँदै आएकी छन् । तर कसैले नसुनेको शिलाको भनाइ छ। धेरै पटक वडा कार्यालयमा पुग्दा वडा अध्यक्ष लक्ष्मी साहले नगरपालिकाको नाममा एउटा चिठ्ठी लेखिदियो । त्यो चिठ्ठी लगेर धनुषाधाम नगरपालिकाका प्रमुख प्रशासकी अधिकृतलाई दिएँ । उनले त्यो चिठ्ठी हेर्न बित्तिकै फालिदियो । कोसँग सहयोग माग्नु, कुनै-कुनै बेला त मरौं मरौं जस्तो लाग्छ। गरिबलाई हेर्ने यहाँ कोही छैन। सहयोगको कुनै सीप नलागेपछि धनुषाधामकी समाजसेवी तथा महिला अधिकारको क्षेत्रमा काम गर्दै आएकी मन्जु महतो भर परेकी छन् । मन्जु महतोले शिलाको समस्या समाधान गर्न एक पटक फेरि जनप्रतिनिधि समक्ष पहल गर्ने र नभए इस्टमित्र र गाउँघरमा चन्दा संकलन गरेर भएपनि झोपडी मर्मत गरिदिने बताइन् । धनुषाधाम नगरपालिकाका जनप्रतिनिधिले समाज रुपान्तरणको काम गर्न नसकेको आरोप लगाइन् । मधेश प्रदेश र संघीय सरकारले विपन्नहरुका लागि जनता आवास योजनाअन्तर्गत घर बनाइ दिने गरेको भएपनि धनुषाधाम नगर पालिकामा यो योजना लागू भएको छ । धनुषाधाम नगरपालिकाका पूर्वाधार विकास शाखाका प्रमुख मनोजकुमार यादवले अन्य पालिकामा विपन्नलाई व्यवस्थित बसोबासका निम्ति जनता आवास योजनाको काम भइरहेको भएपनि यो पालिकामा यो योजना लागू नभएको बताए ।






# समाजसेवी महतोको सहयोगमा हनुमानको मूर्ती स्थापना



फुलगेन मगही, ढल्केवर।

महोत्तरीको भंगहा नगरपालिका-४ रामनगर विर्तास्थित हनुमान मन्दिरमा मूर्ती स्थापना गरिएको छ। बुधवार भव्य कलश शोभा यात्रा निकालेर सो मन्दिरमा हनुमानको मूर्ती स्थापना गरिएको हो। उद्योगपतिसमेत रहेका स्थानीय समाजसेवी दिनेश महतोको सहयोगमा मूर्ती स्थापना गरिएको बताइएको छ । रामेश्वरनाथ महादेव मन्दिरको आयोजनामा निकालिएको कलश शोभा यात्रा तथा मूर्ती स्थापना गर्ने क्रममा सयौं श्रद्धालुहरुको उपस्थिति रहेको थियो। हिन्दु परम्परा अनुसार पूजापाठ गरी मूर्ती स्थापना गरिएको थियो । यसअघि उक्त स्थानमा मन्दिर निर्माण भएपनि मूर्ती स्थापना भएको थिएन । आर्थिक अभावका कारण मन्दिरमा मूर्ती स्थापना हुन नसकेको अवस्थामा समाजसेवी महतोको अग्रसरता र सहयोगमा मूर्ती स्थापना भएको स्थानीय अजय कुमार महतोले बताए। 'मन्दिर निर्माण भईसकेको थियो । पैसा अभावमा मूर्तीको स्थापना भएको थिएन । दानवीरको रुपमा रहेको उहाँ(दिनेश महतो)ले मूर्ती स्थापना गर्दिनुभयो,' उनले भने । समाजसेवी महतो यस भेगमा दानवीरको रुपमा परिचित छन् । उनी सफल उद्योगपति समेत हुन् ।

# राष्ट्रिय प्रगतिशील स्वास्थ्यकर्मी संगठनको प्रदेश अध्यक्षमा महतो




टक नेपाल, जनकपुरधाम।

राष्ट्रिय प्रगतिशील स्वास्थ्यकर्मी संगठन, मधेश प्रदेशको प्रथम अधिवेशनबाट भोला महतोलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको छ । पुर्वमन्त्री तथा नेकपा माओवादी केन्द्रका उप-महासचिव गिरिराजमणि पोखरेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा महतोलाई सर्वसम्मत चयन गरिएको छ । यसैगरी संगठनको उपाध्यक्षमा जयनारायण यादव, रामबीर ठाकुर र महिला उपाध्यक्षमा रोशनी घिमिरेलाई चयन गरिएको छ । संगठनको सचिव महेन्द्र साह, सहसचिव अमन शर्मा, कोषाध्यक्षमा गयाप्रसाद चौधरी, सह-कोषाध्यक्षमा बिनोद सिंहलाई सर्वसम्मत चयन गरिएको छ । येसैगरी सदस्यहरुमा जगतनारायण सिंह, चुल्हाई राउत कुर्मी, बैधनाथ साह, सुदिक्षा कोइराला, धीरेन्द्र पासमान, नीर बहादुर स्यांगतान, उदय साह, सुनिल कुमार यादव, कौशिला चौधरी, बिनोद साह, किशोरी साहलाई चयन गरिएको छ। नवनिर्वाचित अध्यक्ष महतोले अधिवेशनबाट प्रदेश समिति चयन गर्न सहज र सकारात्मक भुमिका निर्वाह गर्ने सबै पक्षलाई धन्यवाद ज्ञापन गरेको छ ।

## आवश्यक टेलिफोन

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | ठूला व्यक्तिहरू प्रतिस्पर्धामा उत्रिने समय रहेकाले सावधानीसाथ काममा उत्रनुपर्ला। | तुला | खर्चको जोहो गर्न अलि दौडधुप गर्नुपर्ला। |
| बृष | शुभचिन्तकहरूले साथ दिनेछन्। | वृश्चिक | भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ। |
| मिथुन | परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ। | धनु | आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। |
| कर्कट | बेलैमा योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ। | मकर | नसोचेको अवसरले नयाँ जिम्मेवारी दिलाउन सक्छ। |
| सिंह | सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। | कुम्भ | प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। |
| कन्या | बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। | मीन | खर्च लागे पनि घुमफिर तथा मनोरञ्जनको समय छ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

## ....सम्पादकीय

# काम, काम र काम

प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले आफ्नो मधुमास अवधि पूरा गरिसकेको छ। निर्वाचनपछि सरकार बनेको पहिलो सय दिन सरकारलाई काम बुझ्न दिइने समय हो। तेस्रोपटक प्रधानमन्त्री बन्ने मौका पाएका दाहालका निम्ति राज्य संयन्त्रलाई बुझ्ने यो पर्याप्त समय हो। तथापि, बितेका सय दिन उनका निम्ति त्यति सहज भएनन्। सम्भवतः मधुमासमै दुईपटक विश्वासको मत लिनुपर्ने वाध्यतामा परेको सरकार यही हो। सरकार गठन र पुनर्गठनका निम्ति सरकारको ध्यान पर्याप्त मात्रामा खर्च भएको छ। संसद्को तेस्रो ठूलो दल नेकपा (माओवादी केन्द्र) को तर्फबाट सरकारको नेतृत्व दाहालले गरिरहेका छन्। संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसलगायत ११ दलको गठबन्धन सरकारलाई व्यवस्थित गरेर लैजान सजिलो छैन। तैपनि तुलनात्मकरूपमा युवा जोश/जाँगर भएका दाहालले निरन्तर कोसिस गरेको देखिएको छ। सत्ता गठबन्धनको बैठक निरन्तर राख्नु, त्यसलाई लिएर निर्णय गराउनु र अगाडि बढ्नु आफैँमा सजिलो काम हो इन। तैपनि सरकारको नेतृत्व गर्नु भनेकै यी सबै जिम्मेवारी पूरा गर्ने हो। प्रधानमन्त्रीको अधिकांश समय सरकार गठन र दलहरूलाई मिलाएर लैजान खर्च भएको छ। यसले गर्दा सरकारको कामको दिशा अझै देखिएको छैन। मुलुकमा सरकारले परिणाममुखी काम थालोस् भन्ने आमअपेक्षा रहेको छ। सरकार जोसुकैले चलाए पनि परिणाम आउन थाल्नासाथ आम रूपमा विश्वासको वातावरण बन्छ। तर दाहाल एउटा चुनौतीपूर्ण समयमा सरकारको नेतृत्व गर्न आइपुगेका छन्। एकातिर, मुलुकमा संस्थागत हुनै नसकेका लोकतान्त्रिक संस्थाहरूलाई सुदृढ बनाउनुपर्ने अवस्था छ। अर्कोतिर, सरकारबाट परिणाममुखी काम भएको हेर्ने उत्कट अभिलाषा पनि आम रूपमा प्रकट भइरहेको छ। सरकारले नियमित रूपमा काम गरेर मात्र पुग्ने अवस्था छैन। नियमितरूपमा हुने कामले मात्र विकासको गति पछ्याउन सकिँदैन। देशले 'भ्यागुते उफ्राइ'मा आफूलाई लैजानुपर्नेछ। त्यसका निम्ति सरकार आफैं सबैका निम्ति प्रेरक बन्छ। सरकारले प्रभावकारी रूपमा काम गर्न थाल्यो भने देशभरि त्यसको प्रभाव पर्छ। त्यसमा पनि संघीयतामा रहेको मुलुकका तीनै तहका सरकारमा यसको सकारात्मक प्रभाव पर्छ। अहिले स्थानीय सरकारले बरु राम्ररी काम गर्न सकेको छ। त्यत्तिकै काम संघीय सरकारबाट हुन नसकेको अवस्था छ। प्रधानमन्त्री दाहालको काँधमा यतिबेला गठबन्धन संस्कृतिलाई जोगाएर अघि बढ्नुपर्ने चुनौती छ। नेकपा (एमाले) को सहयोगमा सरकारको नेतृत्व गर्न पुगे पनि कांग्रेस नेता रामचन्द्र पौडेललाई राष्ट्रपतिमा निर्वाचित गर्न दाहालको भूमिका रहेको छ। प्रतिनिधिसभाको सभामुखमा एमालेका देवराज घिमिरेलाई निर्वाचित गरिसकेपछि मुलुकमा शक्ति सन्तुलनका निम्ति पनि उच्च पदहरू प्रमुख दलबीच बाँडिनुपर्ने उनले जो सोचे त्यसलाई स्वाभाविकरूपमा लिइएको छ। दाहालले अहिले बचनको पक्का भएर काम देखाउनुपर्ने अवस्था पनि छ। कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाएपछि अहिलेसम्म आइपुग्दा दाहालले खासै धेरै विचार उल्लंघन गरेको देखिएको छैन। उनले सकेसम्म सबैलाई मिलाएर जान खोजेका छन्। राष्ट्रपतिमा एमालेबाहेकका अन्य दललाई सहभागी गराउनुपर्छ भन्ने मान्यतालाई उनले निरन्तरता दिए। दाहालको यही अभ्यासका कारण अहिलेको गठबन्धन लामो समयसम्म जानसक्ने आधार पनि बन्दै गएको देखिएको छ। दाहालले संक्रमणकालीन न्यायको मुद्दालाई समेत टुंग्याउनुपर्ने आवश्यकता महसुस गरेका छन्। वास्तवमा अहिलेको गठबन्धन बन्नुको एउटा कारण यो पनि हो। संक्रमणकाल नटुंग्याउँदा माओवादी केन्द्र मात्र होइन, कांग्रेस नेताहरूलाई समेत अप्ठ्यारो छ। सरकारको यो मधुमास अवधिमा यसका निम्ति पनि प्रयास हुन थालेको छ। तर पीडित पक्षले अझै यसमा आशा गर्न सकेका छैनन्। उनीहरूलाई पनि विश्वासमा लिएर यो प्रक्रिया अगाडि बढाउन सके भने दाहालको कार्यकालको सफलता सिद्ध हुनेछ। त्यति मात्र होइन, शान्ति प्रक्रियाको बेवास्ता गरिएको यो पाटोले पनि समाधान पाउन सक्छ । सरकारको मधुमास अवधिले सरकारको आगामी कार्यदिशालाई प्रकट गर्छ। तर सरकारले यो अवधिमा कामतिर ध्यान दिन पाएको छैन। मुलुकको अर्थतन्त्रमा समस्या देखिएका छन्, त्यसलाई समाधान गर्नेतिर कोसिस गर्नुपर्ने अवस्था छ। मधुमास सकिने बेलामा कांग्रेसका तर्फबाट अर्थमन्त्री दिएर फेरि यो समस्या समाधानको कोसिस गरिएको छ। अर्थतन्त्रका समस्या समाधान गरेर अगाडि बढ्न सकेको खण्डमा सरकारको कार्यक्षमताको प्रशंसा हुन थाल्छ। सरकार त्यतिबेला मात्र प्रभावकारी भएको मानिनेछ, जतिबेला यसले यथार्थमै आमनागरिकको जीवनस्तर सुधारका निम्ति काम गर्छ। प्रधानमन्त्री दाहालले आमनागरिकको मन जित्ने गरी काम गर्न थाले भने स्वाभाविक रूपमा उनीप्रतिको विश्वास बढ्न थाल्छ। उनको लचिलो भएर काम गर्न सक्ने क्षमताका कारण सरकारमा समर्थकको पंक्ति पनि ठूलो छ। राम्रो काम हुन थाल्यो भने प्रमुख विपक्ष नेकपा (एमाले) ले पनि उनको धेरै विरोध गर्न सक्ने अवस्था हुँदैन। आखिर सबैजसो दल परीक्षणमा रहिसकेका छन्। सरकारले अहिले गर्ने काम सकारात्मक हुन सक्दा त्यसको प्रभाव आगामी निर्वाचनमा पर्छ। त्यति मात्र होइन, अहिले प्रमुख दलप्रति देखिएको अविश्वासको वातावरण चिर्न पनि मद्दत पुग्छ । मधुमास अवधिमा धेरै गर्न नसके पनि सरकार अब दौडाउन सक्ने अवस्थामा पुगिसकेको छ। मन्त्रिपरिषद्का केही स्थानबाहेक सबै पूर्ण भइसकेका छन्। यसकारण पनि अब सरकारले तीन वटा पक्षमा ध्यान दिनुपर्छ, ती हुन्–काम, काम र काम।

# जसपाको मासु भात खाए पनि जनताले हर्न छापमै भोट हाल्छन् : सीके राउत



टक नेपाल, बारा।

जनमत पार्टीका अध्यक्ष सिके राउतले बारा-२ मा आफ्नो दलको सङ्गठन बलियो नभए पनि जनताको मत प्राप्त गर्ने दाबी गरेका छन् । बारा निर्वाचन क्षेत्र नं २ मा बैशाख १० गते हुने उपनिर्वाचनको घरदैलो कार्यक्रममा बोल्दै राउतले सङ्गठन बलियो नभए पनि जनताको माया आफ्नो पार्टीमा रहेको बताए । 'चुनावमा सङ्गठन बलियो होइन जनताको माया चाहिन्छ, सद्भाव चाहिन्छ, न्यायको पक्षमा हुनुपर्छ, सङ्गठन भनेर मासु र भात खुवाएर भोट खरिद गर्ने होइन' अध्यक्ष राउतले भने 'जसपाको मासु भात खाए पनि जनताले भोट हर्न छापमै हाल्छन् ।' बारा २ को प्रतिनिधि सभा सदस्य उपनिर्वाचनमा आफ्नो पार्टीका उम्मेदवार शिवचन्द्र कुशवाहालाई जिताउन जनता आफैँ सडकमा उत्रिएको राउतले बताए । 'सप्तरी २ मा दोब्बर मतान्तरले पराजित भएका उपेन्द्र यादवलाई बारा २ मा त्यो भन्दा पनि बढी मतले हामी पराजित गर्छौं' राउतले भने 'हाम्रो चुनावी एजेन्डा भनेको जनतालाई शिक्षा, स्वास्थ्य रोजगारीमा उन्नति गर्ने र किसान आन्दोलनका मुद्दाहरू सम्बोधन गर्ने हो' । अध्यक्ष राउतले निर्वाचन अवधिभर आफू बारा २ मै बस्ने बताएका छन् । उनले बारा जिल्लावासी र यहाँका नेता कार्यकर्ताको राजनीतिक अधिकार खोस्ने षडयन्त्र भएको बताएका छन् ।

# सरकार पाँचै वर्ष चल्छ : अध्यक्ष नेपाल

टक नेपाल, काठमाडौँ।

पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले लोकतान्त्रिक-वाम गठबन्धनको विद्यमान सरकार पाँच वर्षसम्म कायम रहने बताउनुभएको छ। पार्टी केन्द्रीय प्रचार विभागद्वारा यहाँ आयोजित सम्पादकसँगको नियमित भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा अध्यक्ष नेपालले विद्यमान सरकारले पाँच वर्ष निरन्तरता पाई मुलुकमा राजनीतिक स्थायित्व कायम हुने धारणा व्यक्त गर्नुभयो । राष्ट्र, राष्ट्रियता, संविधान र शासन प्रणालीको रक्षाका लागि अहिले लोकतान्त्रिक-वाम शक्तिबीच सहकार्य भएको स्पष्ट गर्दै उहाँले केन्द्रमा जस्तै क्रमशः सबै प्रदेशमा लोकतान्त्रिक-वाम गठबन्धन सरकार गठन हुने बताउनुभयो। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, विकास, समृद्धि र सुशासनका पक्षमा मुलुकका वामपन्थी शक्तिबीच सहकार्य,




मोर्चा र एकतासम्म हुनसक्ने तर आफूले नेतृत्व गरेको एकीकृत समाजवादी अन्य पार्टी विशेषसँग विलय नहुने अध्यक्ष नेपालले स्पष्ट गर्नुभयो । पार्टी महासचिव घनश्याम भुसालले देशव्यापीरूपमा पार्टी सङ्गठन सुदृढीकरण अभियान सञ्चालन भइरहेको जानकारी दिँदै स्पष्ट नीति तथा कार्यक्रमका साथ आमजनताको मन जितेर एक सशक्त एवं सुदृढ वामपन्थी पार्टीका रूपमा एकीकृत समाजवादी पार्टी स्थापित हुने धारणा व्यक्त गर्नुभयो। पार्टीका उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको रक्षा र भ्रष्टाचारको अन्त्यसहित देश विकास र सुशासनका पक्षमा पार्टी सदैव उभिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



# सिँचाइ मिटरको महसुल नगरपालिकाले भुक्तानी गर्ने




टक नेपाल, काठमाडौं ।
सिराहाको धनगढीमाई नगरपालिकाले कृषकको सिँचाइ मिटरको बिल भुक्तानी गर्ने भएको छ । नगरपालिकाले सूचना जारी गर्दै चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमअनुरुप बिल भुक्तानी गर्न लागेको जनाएको छ । किसानलाई प्रोत्साहन गर्न तथा कृषि क्षेत्रमा आधुनिकीकरण गर्ने उद्देश्यले 'कृषि मिटरको विद्युत् महसुल भुक्तानी गर्ने कार्यक्रम' अन्तर्गत नगरपालिकाले सिँचाइका विद्युत् महसुल भुक्तानी गर्ने धनगढीमाई नगरपालिका नगर प्रमुख शिवशङ्कर महतोले जानकारी दिनुभयो । नगरपालिकाले निःशुल्क बिजुली उपलब्ध गराउने भएपछि यहाँका कृषक खुसी भएका छन् । धनगढी-१ का किसान बेचनीकुमारी यादव उत्पादनको मूल्य नपाएको तथा मल र बीउ समयमै प्राप्त गर्न नसकेको नगरपालिकाले महसुल तिर्ने कार्यक्रमबाट राहत मिलेको बताउनुभयो । "सिँचाइ गर्न डिजेलपम्प चलाउँदा मर्कामा परेका थियौँ, निःशुल्क विद्युत् उपलब्ध गराउँदा राहत पाइने भयो", उहाँले भन्नुभयो । धनगढीमाई नगरपालिकाले सुरु गरको 'कृषि मिटरको विद्युत् महसुल भुक्तानी गर्ने कार्यक्रम' स्थानीय सरकारले सञ्चालन गरेको योजनामध्ये नमूना भएको स्थानीय श्याम यादवले बताउनुभयो । यसबाट कृषक खेतीतर्फ आकर्षित हुने उहाँको भनाइ छ । असार मसान्तसम्मको महसुल कृषक आफैँले र साउनदेखिको सिँचाइ महसुल नगरपालिकाले तिर्ने धनगढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपालप्रसाद बगालेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सिँचाइमा अनुदान दिए, कृषि क्षेत्र विस्तार भएमा कृषि उत्पादन बढ्ने र किसानको आर्थिक अवस्थामा पनि सुधार आउने छ ।" कृषि मिटरको महसुल भुक्तानीका लागि आगामी वैशाख ४ गतेभित्र निवेदन, नगरिकता प्रमाणपत्रको प्रतिलिपि, २०७९ असारसम्मको भुक्तानी गरेको बिजुलीको सक्कली रसिद तथा २०७९ साउनदेखिको भुक्तानी दिन बाँकी सक्कली बिल र वडा कार्यालयको सिफारिसपत्र कृषि विकास शाखामा पेस गर्नुपर्ने छ ।

# किशोरीको अर्धनग्न भिडियो टिकटोकमा पोष्ट गर्ने युवक बचाउ गर्दा कुटिए जसपा जिल्ला अध्यक्ष यादव



टक नेपाल, राजविराज ।
जनता समाजवादी पार्टी (जसपा) का सप्तरी जिल्ला अध्यक्ष केदार यादवले आरोपितको पैरवी गर्न जाँदा कुटाई खाएको बताइएको छ । सप्तरीको महादेवा गाउँपालिका वडा नं. १ पकरीकी एक १६ बर्षिय किशोरी आफ्नै घरको कल (ट्युबेल) मा नुहाईरहेकी अवस्थामा सोही ठाउँ बस्ने मन्जित कुमार यादवले लुकिछिपी भिडियो बनाएर टिकटोकमा हाले पछि प्रहरीले पक्राउ गरेको थियो । किशोरी नुहाइरहेको अर्धनग्न भिडियो बनाएर टिकटोकमा हालेका यादवविरुद्ध उजुरी परेपछि प्रहरीले उनलाई पक्राउ गरी हिरासतमा राखेको थियो । घटनाको बारेमा अनुसन्धान चलिरहँदा जसपाका जिल्ला अध्यक्ष केदार यादवले आरोपित युवकलाई छुटाउन दबाब दिए। जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी उपर छानबिन भईरहेको अवस्थामा जिल्ला अध्यक्ष यादवले गैर-कानुनी रुपले प्रहरी उपर दबाब दिदैं प्रहरीलाई धाकधम्की देखाउन थाले पछि प्रहरीले कुटपिट गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। मुद्दाका प्रहरी ईन्सपेक्टर नविन थापा मगरले यस्तो संवेदनशिल मुद्दामा संवेदनशिल हुन पटक पटक आग्रह गरेपनि जिल्ला अध्यक्ष यादवले पदको दम्भ प्रदर्शन गर्दै प्रहरीमाथि गैर-कानुनी दबाब दिँदै दुरव्यवहार समेत गरेपछि प्रहरीले कुटपिट गरेको बताइएको छ । भिडियो बनाउने मन्जित यादव जसपाबाट महादेवा वडा नम्बर १ को वडा अध्यक्ष पदका प्रत्याशी मनोज यादवका छोरा हुन । आफ्नो पार्टीको भएकोले त्यस्तो संवेदनशिल घटनामा अनैतिक दबाब दिएपछि कुटाई खाएका हुन् । जिल्ला अध्यक्ष यादवलाई प्रहरीले कुटिपट गरेपछि केहीबेर नारावाजी गरेका जसपाका कार्यकर्ताहरुले उनको अनैतिक दबाब र मुद्दाबारे बुझेपछि कार्यकर्ताहरु समेत त्यहाँबाट गएका थिए ।

# राष्ट्रियगानको सुरुमा रहेको धुन हटाउनुपर्छ : अध्यक्ष ओली

टक नेपाल, काठमाडौं ।
नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रियगानमा रहेको सुरुको धुन हटाउनुपर्ने बताउनुभएको छ । अखिल नेपाल पिछडा वर्ग (ओबिसी) महासङ्घको प्रथम महाधिवेशनको आज वीरगञ्जमा उद्घाटन कार्यक्रममा उहाँले राष्ट्रिय गानअघि सुरुमा बज्दै आएको धुनलाई हटाएर शब्दको धुन राख्नुपर्ने बताउनुभयो । "राष्ट्रिय गानको सुरु पनि शब्दको धुनबाट हुनुपर्छ र अन्त्य शब्दकै धुनबाट हुनपर्छ", पूर्वप्रधानमन्त्री ओलीले भन्नुभयो, "तर अहिलेको हाम्रो राष्ट्रियगानमा शब्द सुरु हुनुअघि धुन राखिएको छ, त्यो ठीक छैन, त्यसलाई सच्याएर शब्दको धुनबाट सुरु गर्नुपर्छ, त्यो सच्याउन सरकारसँग आग्रह गर्दछु।" सामाजिक कुरीति र विकृति हटाउन सामाजिक अभियान चलाउनुपर्नेमा जोड दिँदै उहाँले सामाजिक न्यायका लागि ओबिसी महासङ्घको अगुवाइमा हुने सामाजिक अभियानमा आफ्नो पार्टीको भरपुर सहयोग रहने बताउनुभयो । गरिबी अन्त्य गरी समृद्ध बनाउने आफ्नो पार्टीको लक्ष्य रहेको उहाँको भनाइ थियो । वीरगञ्जस्थित टाउन हलमा सुरु भएको ओबिसी महासङ्घको महाधिवेशन भोलिसम्म चल्ने आयोजकले जनाएको छ।

## मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी (मधेश प्रदेश), नेपाल

### प्राबिधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति :- २०७९/१२/२३

मनराशिसवा नगरपालिकाको वार्षिक स्विकृत कार्यक्रम बमोजिम चालु आ.व.२०७९/०८० मा तपशिलको वडामा सञ्चालन हुने तपशिलमा उल्लेखित तालिम तथा कार्यक्रमहरु सञ्चालान गर्नु पर्ने भएकोले ईच्छुक संस्था,फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको योजना शाखामा प्राबिधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :-**

| क्र.स. | तालिम तथा कार्यक्रमहरु | लागत बजेट रकम रु | कार्यक्रम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | जनचेतनामूलक कार्यक्रम | ५ लाख | वडा नं - १ | |
| २ | कृषि सम्बन्धि तालिम | ४ लाख | वडा नं - २ | |
| ३ | ड्र्इभर सम्बन्धी सिपमूलक तालिम | ५ लाख | वडा नं - ३ | |
| ४ | शिप मुलक तालिम | ३ लाख | वडा नं - ४ | |
| ५ | बालविवाह र बहुविवाह सम्बन्धी जनचेतनामूलक कार्यक्रम | २ लाख ५० हजार | वडा नं - ५ | |
| ६ | किसानहरुको लागि कृषि सम्बन्धी जनचेतनामूलक कार्यक्रम | २ लाख ५० हजार | वडा नं - ५ | |
| ७ | महिला हिंसा तथा महिला सशक्तीकरण सम्बन्धी कार्यक्रम | ३ लाख | वडा नं - ६ | |
| ८ | माछा पालन सम्बन्धी तालिम संचालन गर्ने | ५ लाख | वडा नं - ७ | |
| ९ | निर्वाचित वडा प्रतिनिधिहरुको वडा स्तरीय अभिमुखिकरण तालिम संचालन गर्ने | ३ लाख | वडा नं - ७ | |
| १० | अन्य सिपमुलक तालिम संचालन गर्ने | १ लाख | वडा नं - ७ | |
| ११ | अभिवावकहरुलाई बाल विवाह सम्बन्धी जनचेतनामूलक तालिम दिईने | १ लाख | वडा नं -८ | |
| १२ | सिलाई कटाई तालिम | १ लाख | वडा नं -९ | |

**१.माथी उल्लिखत तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्न इच्छुक संस्था,,फर्म वा कम्पनीले प्राबिधिक तथा आर्थिक प्रस्ताव सहित देहायका कागजात पेश गर्नु पर्नेछ ।**
क) संस्था,,फर्म वा कम्पनी प्रमाणपत्र र चालु आ.व.मा नविकरण भएको कागजात ।
ख) मुल्य अभिवृद्धि कर र स्थायी लेखा नं. दर्ता प्रमाणपत्र । (अनिवार्य रुपमा मुल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्ने छ )
ग) आ.व.०७८/०७९ को कर चुक्ता गरेको प्रमाणपत्र ।
घ) सोहि प्रकृतिको कार्यको अनुभव भएको कागजात ।
**२.कार्यक्रम सञ्चालन स्थल नगरपालिकाले तोके बमोजिम हुनेछ ।**
**३.पेश हुन आएका प्रस्तावहरुको मुल्याकंन नगरपालिकाको नियमानुसार हुनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुससा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, प्रवन्धक : बिनोद ढुंगेल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com